श्री ५ को सरकार

## अर्थ मन्त्रालयको

## सूचना १

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ६ को उपदफा (१) र बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी विराटनगर नगर पञ्चायतले जापानबाट खरिद गरी पैठारी गर्ने जापानी येन ७३,४७,०१५।– मूल्य बराबरको निम्न विवरणको ३ थान डम्पट्रकमा लाग्ने भन्सार महसुल तथा बिक्रीकर पूर्णरूपमा छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ।

विवरण

टोयोटा डायना डिजेल रियर डम्पट्रक

मोडेल बी.यू.६० आर–एम.डी.बी.टी.

ई.डी. नं. ४३५३६२

कलर (पहेंलो) (५४१)

## सूचना २

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ६ को उपदफा (१) तथा बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी बान्हबिसे हेल्थ सेन्टरको लागि जिल्ला पञ्चायत सचिवालय, सिन्धुपाल्चोकले जापानबाट खरिद गरी पैठारी गर्ने जापानी येन ५१८,३४०।– मूल्य बराबरको पोर्टेबल एक्सरे मेशिन थान १ मा लाग्ने भन्सार महसुल तथा बिक्रीकर पूर्णरूपमा छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ।

आज्ञाले,
लोकबहादुर श्रेष्ठ
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार